सुदूरपश्चिम विश्वविद्यालय
इन्जिनियरिङ्ग संकाय
डीनको कार्यालय
महेन्द्रनगर, कञ्चनपुर

पत्र संख्या :२०८२/८३
च. नं :

मिति: २०८२/०५/२२

## छात्रबृति तर्फ भर्ना दावी फाराम भर्दा बुझाउनु पर्ने आवश्यक कागजात सम्बन्धमा अत्यन्त जरुरी सूचना ।

उपरोक्त सम्बन्धमा, सुदूरपश्चिम विश्वविद्यालय इन्जिनियरिङ्ग संकायद्वारा मिति २०८२ भाद्र २१ गते सञ्चालन गरेको प्रवेश परीक्षामा उत्तीर्ण भएका परीक्षार्थीहरुले आरक्षित छात्रबृतिका लागि भर्ना दावी फाराम भर्दा नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक उपाधीका प्रमाणपत्रको छाँयाप्रतिका साथै देहाय बमोजिमका कागजातहरु अनिवार्य रुपमा पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**देहाय:**

### क) स्कूल अफ इन्जिनियरिङ्ग, महेन्द्रनगर कञ्चनपुर

- मधेशी, आदिवासी जनजाती, दलित वर्गका लागि नेपाल सरकारको आधिकारिक निकायवाट जारी गरिएको पत्र ।
- अपाङ्ग वर्गका लागि अपाङ्गताको परिचयपत्र ।
- जिल्लागत कोटाका लागि नागरिकता जारी भएको जिल्ला वाट SEE वा सो सरहको परीक्षा उतीर्ण गरेको बिद्यालय सरकारी अनुदान प्राप्त रहेको खुल्ने पत्र ।
- स्टाफ कोटाका लागि सम्बन्धित परीक्षार्थी स्वंय वा आमा, बुवा सुदूरपश्चिम विश्वविद्यालयको कुनै पनि निकायमा स्थाई हाल सम्म कार्यरत रहेको व्यहोराको पत्र ।

### ख) सम्बन्धन प्राप्त कलेजहरुमा प्रदान गर्ने आरक्षित छात्रबृतिका लागि

- मधेशी, आदिवासी जनजाती, दलित वर्गका लागि नेपाल सरकारको आधिकारिक निकायवाट जारी गरिएको पत्र ।
- आर्थिक रुपले बिपन्न वर्गका आवेदकले सम्बन्धित गाउपालिका वा नगरपालिकाको तोकिए बमोजिम निकायले नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप न्यून आयश्रोत भई गरिबीको रेखामुनि परेको भनी प्रमाण सहित आधार र कारण समेत उल्लेख गरी सिफारिस पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

  द्रष्टब्य: नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप न्यून आयश्रोत भई गरिबीको रेखामुनी परेको भनी प्रमाणपत्र बितरण नगरेका जिल्लाको हकमा आर्थिक बिपन्न ब्यक्ति भन्नाले बार्षिक पारिवारिक आय पचास हजार रुपैया भन्दा कम भएको भनी सम्वन्धीत स्थानीय तहले प्रमाणित आधार र कारण समेत उल्लेख गरेको सिफारीस पत्र ।
- बेपत्ता पारिएका तथा शहिद परिवारका लागि नेपाल सरकारले जारी गरेको आधिकारिक पत्र ।
- अपाङ्ग तथा अपाङ्गता भएका व्याक्तिका छोराछोरीका लागि अपाङ्गताको परिचयपत्र ।
- कक्षा १० वा सो सरह तथा कक्षा १२ वा सो सरह अध्ययन गरेको बिद्यालय सरकारी वा सामुदायिक भए सो बिद्यालय सरकारी अनुदान प्राप्त रहेको खुल्ने पत्र ।

**प्रवेश परीक्षा समिति २०८२**